लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
प्यूठान

# सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१४

१. डिभिजन वन कार्यलय, प्यूठानको आर्थिक बर्ष २०८१/०८२ को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सरुमारानी गा.पा. वार्ड न. ५ जसपुरमा **वनपैदावर घाटगद्दी / डिपो निर्माण**का लागि लागत अनुमान रु. ८५०८९२।२० भएको (मु. अ.कर बहेक) कार्य **ठेक्का न. 3-DFO -PUT-SQ-2081/082** ठेक्कापट्टा द्वारा गराउनु पर्ने भएकाले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुले नविकरण भएको ब्यवसायीकताको ईजाजतपत्र , संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबिद्रिकर (VAT) दर्ता प्रमाणपत्र, आ.व २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि दरभाउपत्र फारम दस्तुर वापतको रकम रु १०००।०० पछि फिर्ता नहुने गरी नेपाल बैंक लिमिटेड खलङ्गा प्यूठानमा डिभिजन वन कार्यालय प्यूठानको कार्यालयको कोड. : ३२९०१५५०१५ राजस्व शिर्षक नं. :१४२६४ राजस्व खाता नं.: २७४०२००००१००१००००१ मा जम्मा गरेको बैङ्क भौचर संलग्न राखी मिति २०८१/१२/२८ सम्म डिभिजन वन कार्यालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन।

२. ईच्छुक निर्माण ब्यवसायीहरुले दरभाउपत्र सम्बन्धी कागजात रितपूर्वक भरी रु २२,०००/ रकम बराबरको कम्तिमा ७५ दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बैंकबाट जारी गरिएको दरभाउपत्र जमानी दरभाउपत्र साथ संलग्न राखी मिति २०८१/१२/२९ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ।

३. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०८१/१२/२९ दिनको दिउसो १२:३० बजे कार्यालय प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ।तर सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्नमा बाधा पर्ने छैन।

४. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात पेश गर्दा खामको बाहिर कार्यालयको नाम, योजनाको नाम, ठेक्का न., फर्मको नाम ठेगाना आदी स्पस्ट रुपमा खुलाई सिलबन्दी लाहाछाप गरी पेश गर्नु पर्ने छ।

५. सिलबनदी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

६. सिलबन्दि दरभाउपत्र सम्बन्धी कागजातको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्र दाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्ने छ।

७. बिस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।